❑ कोमल भट्ट

# खोज सामग्री उत्पादन
## खोज पत्रकारिता केन्द्रको प्रयास

### पृष्ठभूमि
अन्यत्र हेरी नयाँ भए पनि एक शताब्दीभन्दा लामो यात्रा गरिसकेको छ नेपाली मिडियाले । तर अघिल्लो आधा शताब्दी मिडिया (अथवा *गोर्खापत्र*) राज्यको हतियार रह्यो ।[१] २०१७-२०४६ को समयावधिमा पनि मिडियाको ठूलो हिस्सा पञ्चायती सत्तामातहत नै रह्यो । यद्यपि, पञ्चायतको अन्तिम दशक अथवा २०३६ सालको जनमत सङ्ग्रहपछि भने नेपाली मिडियाले राज्यसत्ताबाट तुलनात्मक रूपले केही खुकुलोपन भोगेको हो (नेपाल २०५७) । यस अवधिमा सीमित मात्रामा भए पनि मिडियाले राज्यका गलत कामकारवाहीको विरोध गरेको, केही अनियमितताहरूको पर्दाफास गरेको थियो ।[२] २०४६ यता प्रविधि, प्रकार र प्रस्तुतिमा मिडियाको निकै विस्तार भएको छ । सम्भवतः यस अवधिमा सबैभन्दा मौलाएको क्षेत्र यही हुनुपर्छ । यो वृद्धि काठमाडौं-केन्द्रित मात्र छैन । अन्यत्र पनि मिडिया फुकेको छ ।[३]

मिडियालाई राज्यको चौथो अङ्ग भन्ने गरिन्छ । सबैलाई सूचित, सचेत र शिक्षित गर्नुका अतिरिक्त राज्यका अन्य तीन अङ्ग–कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका कामकारवाहीमाथि नजर राख्ने पहेरदार (वाचडग)का रूपमा

---

[१] राणा शासन अवधिको मिडिया भन्नु सरकारी स्वामित्वको *गोर्खापत्र* मात्रै हो । *शारदा*लगायत केही अरू साहित्यिक पत्रिका राणा शासनको पछिल्ला दिनमा शुरु गरिएका थिए ।

[२] पञ्चायतको अन्तिम दशकमा पत्रिकाहरूले नमिता-सुनिता काण्ड, लागू-पदार्थ तथा प्राचीन कला/मूर्तिहरूको तस्करी, विकिरणयुक्त दूधको बिक्री जस्ता मामला उठाएका थिए जसले ठूलो जनविरोध जन्माएको थियो । अघिल्ला दुई काण्डमा तत्कालीन अधिराजकुमारहरूको संलग्नता भएको इङ्गित गरिएको थियो । शासकको विरोध गरेकैले पञ्चायत कालमा थुप्रै पत्रिकाहरूको दर्ता खारेज गरिए र पत्रकारहरू जेलमा हालिए । भूमिगत गिरोहबारे समाचार छापेका पत्रकार पद्म ठकुराठीको हत्या प्रयास भएको थियो । नमिता-सुनिता काण्डबारे किशोर श्रेष्ठले *जनआस्था* साप्ताहिकमा अन्वेषण स्तम्भअन्तर्गत २०५१ चैत १ पछिका आठ अङ्कमा धारावाहिक रूपमा लेखेका छन् ।

[३] २०४६ यता नेपाली मिडियाको विस्तारबारे जान्न वन्त (सन् २००२) हेर्नुहोस् । काठमाडौं-बाहिरका मिडियाबारे वन्त (२०५८)मा परेका लेखहरूमा विस्तृत चर्चा गरिएको छ ।

लिइन्छ मिडियालाई । प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूतिपश्चात् फड्को मारेको मिडियाले आश गरिएअनुरूप (एस्क्राइब्ड) भूमिका निर्वाह कति सक्षमता-पूर्वक निर्वाह गर्‍यो/गरिरहेको छ भन्ने प्रश्न बेलाबेलामा उठिरहेको हुन्छ । बहस, छलफल, टिप्पणी भैरहेको पाइन्छ । हाम्रा पत्रिकाले, एफएम रेडियोले, टेलिभिजनले, इन्टरनेटले, सूचित गरे; मनोरञ्जन दिए । र, शिक्षित पनि गरे भन्ने मानौं । तर के यी मिडियाले राज्य र बजारको ज्यादतीलाई रोक्नेतर्फ प्रयास गर्न सके ? राज्य, बजार र भ्रष्टहरूको या उनीहरूका मिलोमतोमा हुने/भैरहेका गलत काम-कारवाहीलाई उधिनेर बाहिर ल्याए ? खबरदारीको काम गरे ? प्रायःको मत सकारात्मक पाइन्न । नकारात्मक मत हुनुको अर्थ हो हाम्रो मिडियाको 'वाचडग' भूमिका सशक्त छैन ।

मिडियाको पहेरदारी गर्ने भूमिका सशक्त हुन यसले निश्चित विषयवस्तु-माथि लामो समयसम्म अनुगमन, अनुसन्धान गरी त्यहाँ भए गरेका विभिन्न गतिविधिलाई बाहिर ल्याउन सक्ने हुनुपर्छ । समय लगाएर, मेहनत गरेर, गहिराइमा पुगेर कसैले लुकाउन चाहेको वा अहिलेसम्म थाहा नभएको तथ्य पाठक, श्रोता, दर्शकसम्म पुर्‍याउनुलाई पत्रकारिताको भाषामा खोज पत्रकारिता भनिन्छ । कसैले अपराध, अनियमितता वा असामान्य ढङ्गबाट काम गरेको छ भने उसले गरेको अपराध, अनियमितता वा असामान्यपन, त्यसो गर्न अपनाएको प्रकृया र त्यसबाट समाजमा परेको असर र त्यसलाई रोक्न के गर्नु पर्छ, गर्न सकिन्छ भन्ने कुरा सार्वजनिक गर्नु खोज पत्रकारिताको प्रमुख उद्देश्य रहन्छ (मैनाली र भट्टराई २०५८) । खोज पत्रकारिताबारे ह्यगो डे बर्घ लेख्छन्–

> अक्सर भन्ने गरिन्छ पत्रकारिता भनेको इतिहासको खेस्रा मस्यौदा हो । तर खोज पत्रकारिताचाहिँ विधानको खेस्रा मस्यौदा हो । त्यो कसरी भने यसले सामाजिक प्रणालीभित्रका नीतिनियमहरू कसरी असफल हुन्छन् र तिनलाई असफल तुल्याइ-राख्न धनाढ्यहरू, शक्तिशालीहरू र भ्रष्टहरू कसरी उद्यत् हुन्छन् भन्ने कुराप्रति सदैव ध्यान केन्द्रित गर्दछ । एउटा खोज पत्रकार महिला वा पुरुष जो सुकै भए पनि उसको पेशा नै सत्यको खोजी गर्नु र लुकाइएका वा लुकाउन खोजिएका कुराहरू उद्घाटित गर्नु हुन्छ । सामान्यतया यिनै कुराहरू गर्नु खोज पत्रकारिता हो । र, यो प्रहरी, वकिल, लेखा परीक्षक र नीति-नियम लागू भए नभएको हेर्ने संयन्त्रले गर्ने खोजभन्दा भिन्न हुन्छ (सन् २०००: ३) ।

पत्रकारिताको परम्परागत मान्यतामा खोज पत्रकारिता भन्ने कुनै विशेष विधा नभए पनि अहिले आएर यो विधा मिडियामा चर्चित र चुनौतीपूर्ण मानिन्छ ।[४]

[४] पत्रकारहरूका खोजकै कारण वाटरगेट काण्डबारे थाहा पाइयो र अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले सत्ताबाट बाहिरिनु पर्‍यो । फिलिपिन्सका पत्रकारहरूले तत्कालीन राष्ट्रपति जोसेफ एस्ट्राडाले गरेका भ्रष्टाचार र अनियमितताको पोको खोलिदिएकाले उनले सत्ता गुमाए (कोरोनेल सन्

धेरै वर्ष चाउरिएर बसेको हाम्रो मिडियाले २०४६ सालयता उन्मुक्ति पाएर हाँगाबिँगा फैलाए पनि तिनमा खोज पत्रकारिताका अभ्यासहरू छिटपुट मात्र देखा परेका छन् (वन्त सन् १९९७) । परम्परागत मान्यताको आत्मसात गर्दै समाचार लेख्नु नै खोजी हो भन्ने भ्रमबाट नेपालका पत्रपत्रिका मुक्त भइसकेका छैनन् अथवा अर्को शब्दमा तिनमा खोजको खडेरी नै छ (मैनाली २०५८) । यो होडमा पत्रपत्रिका मात्र होइन श्रव्यदृश्य जस्तो सशक्त माध्यम– टेलिभिजनको अवस्था झनै गएगुज्रेको छ । राजदरबार हत्याकाण्डबारेको प्रस्तुतिले यो भन्न करै लाग्छ (शर्मा २०५८) । काठमाडौंबाहिरबाट निस्कने मिडियाको खोज पत्रकारिता गर्न सक्ने क्षमता झनै कम छ (वन्त २०५८) । यद्यपि, खोज पत्र-कारितालाई अघि बढाउनेतर्फ सानातिना प्रयास नभएका होइनन् । सन् २००१ तिर *कान्तिपुर*ले आफूकहाँ 'खोज पत्रकारिता सेल' नै खोलेको थियो तर कुनै ठूलो चहलपहल नजनाई यो हाल निष्क्रियप्रायः देखिन्छ । बेलामौकामा विभिन्न संस्थाहरूको सक्रियतामा खोज पत्रकारितासम्बन्धी तालिम तथा कार्यशाला या गोष्ठीहरू पनि आयोजना भएका छन् । त्यसबाहेक, मिडियामा खोजी कार्यलाई अगाडि बढाउन २०५३ सालदेखि खोज पत्रकारिता केन्द्र (खोपके) नामक गैरसरकारी प्रयास जारी छ ।

खोजमूलक समाचार/लेख उत्पादन गर्ने र उत्पादित खोजहरू मूलधारे मिडियामा पठाउने उद्देश्य राखेको खोपकेले स्थापना भएयता ७-८ वर्षमा ६० भन्दा बढी खोजी रिपोर्टहरू तयार गरिसकेको छ भने ५ वटा पुस्तक पनि प्रकाशन गरेको छ । एकातर्फ 'खोज' गर्नु आफैँमा चुनौतीपूर्ण छ भने अर्को-तर्फ उत्पादित सामग्रीको उपभोक्ता (प्रकाशक) पनि चाहिन्छ नै । अन्यथा उत्पादनको कुनै अर्थ रहँदैन । यस हिसाबले खोपकेमा दोहोरो चुनौती छ– उत्पादन गर, अनि त्यसलाई बेच । खोजी गरेर निकालिएका ती सामग्रीको प्रभावकारितासम्बन्धी पाटो छुट्टै छ ।

खोपकेमात्र होइन मिडिया-सामग्री (सफ्टवेयर) उत्पादन (जस्तै फिचर/लेखमाला)मा पनि गैरसरकारी संस्थाहरूको सक्रियता देखिन्छ ।[५] त्यसबाहेक, कतिपयले त मिडिया-संस्था र पत्रिका नै चलाएका छन् ।[६] मिडिया उत्पादनमा भएको यो संस्थागत सहयोग/सक्रियताले मिडिया क्षेत्रलाई अगाडि बढ्न कत्तिको मद्दत पुऱ्याएको छ ? अहम् सवाल हो । नेपाली मिडियाको विस्तारबारे या मिडियाका अन्तर्वस्तुहरूबारे गरिने अध्ययन, विश्लेषणहरू यी सहयोगी

---

२०००) । भारतको रक्षा मन्त्रालयमा हतियारको कमिशनमा हुने चलखेललाई 'तहल्का'का खोजी पत्रकारहरूले भण्डाफोर गरिदिए जसले ठूलै हलचल ल्यायो । यी र यस्ता कैयौं उदाहरणले मिडिया र खोज पत्रकारितालाई समाजमा स्थापित गरेको छ ।

[५] विभिन्न सङ्घ-संस्थाले चलाएका फिचर सेवाबारे यसै पुस्तकको कृष्ण अधिकारीको लेख हेर्नुहोस् ।

[६] यसै पुस्तकको पूर्ण बस्नेतको लेखमा गैरसरकारी क्षेत्रबाट निकालिएका पत्रिका–*हिमाल, अस्मिता, विकास* र *हाकाहाकी*–को विस्तृत चर्चा गरिएको छ ।

संस्थाहरूका भूमिकाबारे चर्चा नगरी पूर्ण हुन्नन् । तसर्थ, यो लेखमा 'सफ्टवेयर' उत्पादनमा संलग्न संस्था–खोज पत्रकारिता केन्द्रबारे विस्तृत चर्चा गरिन्छ । खोपके किन या के उद्देश्य लिएर स्थापना गरियो ? यसले के गरिरहेछ ? काम गर्ने तौरतरिकाहरू के कस्ता छन् ? यसको प्रभावकारिता कत्तिको छ ? खोपकेले सामना गरिरहेका चुनौतीहरू के के हुन् ? आदि विविध सवालहरूमा यो लेख केन्द्रित छ । व्यक्तिगत प्रयासमा खोज पत्रकारिता कठिन छ र मिडिया संस्थाहरूबाट गरिने खोजका पनि आफ्नै सीमाहरू छन् । त्यस अवस्थामा संस्थागत प्रयास कत्तिको सहयोगी/असहयोगी हुन्छ भन्ने केलाउनु यो अध्ययनको उद्देश्य हो ।

लेखलाई खोपेकेको स्थापना र उद्देश्य; खोजी गर्नेहरूको खोज; खोजका विषय र खोजी गर्नेहरू; व्यवस्थापकीय चुनौती; खोपकेको प्रभावकारिता; जस्ता खण्डहरूमा विभाजन गरिएको छ । लेखको अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## खोपके: स्थापना र उद्देश्य

प्रजातन्त्र पुनःस्थापना भएको आधा दर्जन वर्ष बितिसकेको थियो । प्रेस स्वतन्त्रताको ग्यारेन्टी र खुला वातावरणले गर्दा निजी क्षेत्रबाट ठूला दैनिकहरू निस्कन थालिसकेका थिए– *कान्तिपुर, काठमाण्डू पोष्ट, लोकपत्र, आजको समाचारपत्र, श्री सगरमाथा, एभरेष्ट हेराल्ड* । समाचार संस्था बढे, तिनले गर्ने 'कभरेज'को क्षेत्र बढ्यो । तर तिनले पस्किरहेका सामग्रीमा खोजको अभाव प्रष्टै झल्कन्थ्यो । कि वर्षौं 'मिसन जर्नलिज्म' गरेकाहरूको बाहुल्य थियो मिडियामा, कि सिकारुहरूको । भर्खरै व्यवसायिक पत्रकारितातर्फ उन्मुख भएकाले 'खोज'को कमी हुनु नौलो थिएन । भारतदत्त कोइराला स्मरण गर्नुहुन्छ:

> खोजी पत्रकारिताका लागि वातावरण अनुकूल थियो तर गतिलो प्रयास हुनसकेको थिएन । किनकि एक त व्यक्तिगत तवरबाट गर्न खर्चिलो हुन्थ्यो अर्को खोजी पत्रकारिता जानेबुझेका पत्रकार पनि कम थिए । विदेशतिर, खासगरी अमेरिका, फिलिपिन्समा, पत्रिका प्रकाशन गृहमै खोज पत्रकारिता ब्यूरो/सेल छुट्टै राखिएका; खोज गरेकैले रिपोर्टरहरूले राम्रो नाम कमाएका; र साथसाथै संस्थागत प्रयासबाट राम्रा खोज भएको देखेकाले यहाँ पनि त्यस्ता प्रयास किन हुन नसक्ने भन्ने सोच हामी केही साथीहरूमा पलायो । छलफल गऱ्यौं र निचोड निकाल्यौं– एउटा संस्था खोल्ने जसले पत्रकारलाई प्रशिक्षण पनि देओस् र खोज गर्ने अवसर पनि जुटाओस् । त्यही सामूहिक प्रयासबाट स्थापना भयो खोज पत्रकारिता केन्द्र ।[७]

---

[७] भारतदत्त कोइरालासँगको व्यक्तिगत कुराकानी ।

खोपकेका संस्थापकमध्येका कनक दीक्षित सहमति जनाउनुहुन्छः "जनशक्ति कम भएको अवस्थामा सङ्गठित रूपबाट 'स्टोरी' गर्न सकिन्छ भन्ने मान्यताले खोपकेको स्थापना सम्भव भएको हो ।"

आवश्यकता महसुस गरिएको र मतो मिलेकाले हिमाल एशोसिएशनअन्तर्गत रहने गरी खोपकेको स्थापना गरियो, २०५३ साल भदौमा । २०४५ सालदेखि पत्रकारिता र प्रकाशन क्षेत्रमा कार्यरत एशोसिएशनको उद्देश्यसँग नबाझिनु र स्थापनाका लागि तत्काल आवश्यक बजेट, भौतिक संरचना र केही हदसम्म जनशक्ति पनि संस्थाबाट उपलब्ध हुने भएकाले केन्द्रलाई संस्थाअन्तर्गतकै एउटा एकाइ बनाइयो । दीक्षित भन्नुहुन्छः "हिमाल एशोसिएशनभित्र खोपके रहनु नरहनु त्यति ठूलो कुरा थिएन । खोज गर्नु गराउनु महत्वपूर्ण थियो । त्यसैले स्थापित संस्थाभित्र खोपके राखिएको हो ।" केन्द्रलाई गति दिन भारतदत्त कोइरालाको अध्यक्षतामा वसन्त थापा, राजेन्द्र दाहाल, केदार शर्मा, कनक दीक्षित, हरिकला अधिकारी, मनिषा अर्याल र विनयकुमार कसजू सम्मिलित कार्यसमिति बनाइएको थियो । समितिका दाहाललाई नेपाल प्रेस इन्स्टिच्यूटले सात वर्षसम्म लगातार जलश्रोतसम्बन्धी समाचार रिपोर्टिङ गरेबापत पहिलो पटक खोज पत्रकारिता पुरस्कार दिएको थियो । सम्भवतः सोही खोजी गर्ने खुबीका कारण खोपकेको उहाँ निर्देशक बनाइनु भयो ।

मुद्रण तथा प्रसारण पत्रकारितामा प्रतिस्पर्धा बढ्दै गएका कारण पेशागत दक्षता र सृजनशीलता अपरिहार्य बन्दै गरेको अवस्थामा पत्रकारिता विषयमा उच्चस्तरीय तालिम प्रदान गर्न पर्याप्त प्रशिक्षण-सामग्री पनि उपलब्ध नभएको अवस्था थियो त्यो । त्यसैलाई ध्यानमा राखेर युवा पत्रकारहरूलाई अनुसन्धान र खोजपूर्ण पत्रकारितातर्फ आकर्षित गर्न र आवश्यक मद्दत पुऱ्याउन खोपके स्थापना भएको हो । राष्ट्रिय जीवनका महत्वपूर्ण पक्षहरू अर्थतन्त्र, वातावरण, जनस्वास्थ्य, शिक्षा, विकास, सामाजिक-आर्थिक परिवर्तन र विभिन्न राजनीतिक पक्षहरूमा खोज, अनुसन्धान गर्ने प्रशिक्षित जनशक्ति उत्पादन गराउने र अवसर

दिने जसले सार्वजनिक सूचनाको स्तर अभिवृद्धि गर्दै जाओस् भन्ने खोपकेको उद्देश्य थियो ।[८] राजेन्द्र दाहाल लेख्नुहुन्छः

> मूलतः दुइटा लक्ष्य, पहिलो मूल प्रवाह र वैकल्पिक प्रेसले समेट्न नसकेका राष्ट्रिय र सामाजिक महत्वका विषयहरूमा गहिराइसम्म पुगेर तथ्यहरू सङ्कलन गरी प्रकाशमा ल्याउने र, दोस्रो, यस्तै किसिमका अनुसन्धान, अभ्यास र व्यवहारिक अनुभव हासिल गर्ने अवसर दिएर युवा पत्रकारहरूलाई गहन र खोजपूर्ण पत्रकारिता गर्न दक्ष र सक्षम तुल्याउने (२०५६) ।

## खोजी गर्नेहरूको खोज

"व्यवसायिक पत्रकारिताप्रति प्रतिबद्ध पत्रकारहरूलाई राष्ट्रिय तथा सामाजिक महत्वका विषयहरू वस्तुगत ढङ्गबाट उठाउनका साथै अन्वेषण एवं विश्लेषण गर्न आवश्यक सहयोग उपलब्ध गराउने खोपकेले लिएको लक्ष्य हो" भन्दै रुचि हुने पत्रकारलाई खोज पत्रकारिता सम्बन्धी अनुसन्धान वृत्तिका लागि खोपकेले सूचना प्रकाशित गरेको देखिन्छ ।[९] खोपके स्थापना भएको ६ महिनापछि २०५३ फागुन ५-६ मा पहिलो पटक दुईदिने तालिमको आयोजना गरिएको थियो स्टाफ कलेज, जावलाखेलमा । प्रतिसहभागी पाँच सय रुपियाँ शुल्क लिई २६ जना पत्रकारलाई १४ घण्टा प्रशिक्षण दिइएको थियो । मूलधारे दैनिक र साप्ताहिक पत्रिकाका कार्यालयमा पत्रकार उपलब्ध गराउन अनुरोध गर्नुका अतिरिक्त व्यक्तिगत सम्पर्कबाट यी पत्रकार जुटाइएको थियो । तालिममा खोज पत्रकारिताको आधारभूत जानकारीदेखि लिएर अनुसन्धान विधि, सामाजिक विज्ञानको अवधारणाले गरिने अनुसन्धान विधि, अपराध अनुसन्धान, अनुसन्धानमूलक संस्थाहरूले अँगाल्ने विधि,

---

[८] प्रशिक्षित जनशक्ति उत्पादन गर्ने क्रममा खोपके एक्लैले र नेपाल प्रेस इन्टिच्यूटसँग मिलेर शान्तिका लागि गरिने पत्रकारिता (पीस जर्नलिजम्), द्वन्द्व रिपोर्टिङ, सुरक्षा, सम्पादन सीप, आदि विषयमा तालिम प्रदान गर्दैआएको छ ।

[९] खोपकेले निकालेको 'खोज पत्रकारिताका लागि सहयोगको अवसर' शीर्षकको सूचनाबाट ।

अनुसन्धान गर्दा खोज पत्रकारले अपनाउन सक्ने विभिन्न विधिहरू, आदिका साथै खोज पत्रकारिताको अवसरबारे पनि जानकारी दिइएको थियो ।

तालिममा आएका पत्रकारहरूबाटै खोपकेले खोजी शुरु गऱ्यो । तालिमे-हरूलाई आफ्नो रुचि र रोजाइको विषयमा अनुसन्धान गर्ने मौका दिइयो । त्यसबाहेक, पत्रकारिता गरिरहेका केही 'प्रमिसिङ जर्नलिस्ट'हरूलाई खोपकेले आमन्त्रण गरेको थियो खोजी गर्नका लागि । केही उत्साही पत्रकार पनि थिए जो आफैँ सम्पर्क गरेर "म अनुसन्धान गर्न चाहन्छु" भनेका थिए । खोपकेका पूर्व निर्देशक राजेन्द्र दाहाल भन्नुहुन्छ: "कसैले म फलानो विषयमा खोज गर्न चाहन्छु भन्यो भने पहिला त खोज गर्ने व्यक्ति कुन विषयमा खोज गर्न चाहन्छ, कसरी तथ्यहरूलाई पुष्टि गर्न सक्छ, त्यसमाथि छलफल गरेपछि र खोज गर्ने व्यक्ति विश्वस्त भएपछि मात्र कुन विषयमा गर्ने भन्ने तय हुन्थ्यो ।"

हाल पनि पत्रकारको चयन र विषय छनोटमा खासै फरक देखिँदैन । खोज-वृत्तिका लागि आह्वान गरेपश्चात् पत्रकारले अनुसन्धान गर्न खोजेको विषय, अपनाउने विधि र आवश्यक बजेटको खाका प्रस्ताव गर्नुपर्छ । केन्द्रले प्रस्तावकको विषयप्रतिको चनाखोपन, खोजी गर्न खोजेको विषयमा प्रष्टता, विषयको समय सापेक्षता र सो विषयको अनुसन्धान गर्न सम्भव छ वा छैन आदि कुराहरू केलाएर उसलाई अध्ययनका लागि वृत्ति दिने/नदिने निर्णय गर्छ । कतिपय अवस्थामा खोपकेले नै विषय/मुद्दा रोजेर खोज गराउँछ; केही अवस्थामा फलानाले यो विषय गर्न सक्छ भन्ने विश्वासमा आमन्त्रण गरिन्छ । तर खोज गर्नेको व्यक्तिगत छनोट र उसको दक्षता पहिलो प्राथमिकता हुन्छ ।

खोपकेले स्थापनाकालदेखि नै अनुसन्धान/लेखनवृत्ति उपलब्ध गराउँदै आएको भए पनि वृत्तिका प्रकार चाहिँ २०५८ सालदेखि मात्रै छुट्टयाइएको हो । २०५७ सालसम्म एउटा खोजी लेखको न्यूनतम ५ देखि १५ हजार रुपियाँसम्म दिइन्थ्यो । त्यसबाहेक, यातायात खर्च र विषयसँग सम्बन्धित सन्दर्भ सामग्री सङ्कलनमा लाग्ने खर्चको छुट्टै व्यवस्था हुन्थ्यो ।

## *अनुसन्धानवृत्तिका प्रकार*

खोपकेले खोजमूलक सामग्री उत्पादन गराउन २०५८ सालदेखि खोज/लेखन-वृत्तिको प्रकार छुट्टयाएको देखिन्छ । पछिल्ला दिनमा तीनखाले लेखनवृत्ति दिने गरिएको छ । पहिलो, छोटो समयावधिको, दोस्रो, मध्यम समयावधिको र तेस्रो, लामो समयावधिको लेखनवृत्ति, जसको चर्चा तल गरिन्छ ।

*छोटो समयावधिको वृत्ति* यो वृत्ति सामान्यतया नरम विषयवस्तुमा दिइन्छ । पत्रकारितासम्बन्धी औपचारिक शैक्षिक अध्ययन गर्ने तथा व्यवसायिक तालिम दिने संस्थाका विद्यार्थी र प्रशिक्षार्थीहरूतर्फ लक्षित छ यो । पत्रकारिता सैद्धान्तिक

भन्दा बढी व्यवहारिक लेखन भएकाले पत्रकारिताको सैद्धान्तिक ज्ञान हासिलसँगै खोज पत्रकारिताको व्यवहारिक अभ्यास गर्न अवसर दिने यसको अभिप्राय रहेको छ । एकहप्ताको समयावधि र तीन हजार रुपियाँ राशि राखिएको छ, यस लेखनवृत्तिअन्तर्गत ।

*मध्यम समयावधिको वृत्ति* स्वतन्त्र रूपमा व्यवसायिक पत्रकारितामा संलग्न वा विभिन्न दैनिक, साप्ताहिक, आदि पत्रिकासँग सम्बन्धित पत्रकारहरूलाई यो वृत्ति दिइन्छ । खोपकेले उत्पादन गर्ने अधिकांश राम्रा ठानिएका खोजहरू यसै लेखनवृत्तिअन्तर्गत पर्दछन् । एक महिनाको समयावधि रहने यस वृत्तिको पारिश्रमिक न्यूनतम आठ हजार हो । तर विषयवस्तुको गहिराइअनुसार समय र वृत्ति दुवै बढ्न पनि सक्छ । खोजकर्ताको यातायात खर्च, आवश्यक सन्दर्भ सामग्रीको सङ्कलन आदिको खर्च छुट्टै दिइन्छ । खोपकेबाट उत्पादित ६० वटा स्टोरीहरू यस वृत्तिअन्तर्गत तयार गरिएका हुन् ।

*लामो समयावधिको वृत्ति* अनुसन्धानको दायरा बृहत् भएको, तुलनात्मक रूपमा ठूलो विषयबारे सोध-खोज गर्न चाहने व्यक्तिहरूलाई यो लेखनवृत्ति दिइन्छ । तीन महिनाको समयावधि र ७५ हजार रुपियाँको यो लेखनवृत्तिमा पनि यातायात खर्च र अन्य सन्दर्भ सामग्रीहरूको सङ्कलन गर्दा खर्च हुने रकम छुट्टै दिइन्छ । खोजकर्ताको व्यक्तिगत दक्षता, विषयवस्तुको गाम्भीर्य, विश्लेषण विवेचन गर्न सक्ने क्षमता आदि हेरेर यो वृत्ति दिइन्छ । २०५९ सालमा पाँच व्यक्तिलाई अनुसन्धानका लागि यो वृत्ति प्रदान गरिएको थियो ।[१०]

## खोजका विषय र खोजी गर्नेहरू

खोज पत्रकारिता केन्द्रका अनुसार २०५९ फागुनसम्म ६० भन्दा बढी विषयमा खोजमूलक रिपोर्टिङ भैसकेका छन् । उत्पादितमध्ये पत्रपत्रिका र पुस्तकमा गरी ५८ वटा सामग्रीहरू प्रकाशित छन् । खोजी गरिएका विषयहरू सरसर्ती केलाउँदा विभिन्न किसिमका भ्रष्टाचार (सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, आदि), चोरी डकैती, तस्करी र अदालती क्षेत्रका विषयले रिपोर्टिङको ठूलो हिस्सा ओगटेको पाइन्छ । त्यसबाहेक, सामाजिक प्रभाव र धर्म परिवर्तन, राजा-रजौटा, वन्यजन्तु, शिक्षा, वातावरण, हवाई दुर्घटना, घरेलु हिंसा आदि विषयहरू पनि खोजका क्षेत्र हुन् । तर खोजी गरिएका विषयहरूमा पनि फलोअप रिपोर्टिङ भने हुन सकेको छैन । खोज भएका र प्रकाशित विषय⁄ इश्युहरूको विवरण अनुसूचीमा दिइएको छ ।

---

[१०] लामो समयको वृत्तिअन्तर्गत २०५९ सालको अन्तसम्ममा अनुप सुवेदीले नेपालका मदरसा, मन्जुश्री थापाले राज्यले महिलाहरूप्रति गरिरहेको व्यवहार, प्रकाश अधिकारीले राजनीतिक नेता र कर्मचारीको मिलोमतोमा गरिने भ्रष्टाचार, सुधीर शर्मा र किरण नेपालले संस्थानहरू सङ्कटमा पर्नुका कारणबारे र मोहन मैनालीले दुर्गम क्षेत्रमा सरकारी सेवाबारे खोजी गर्दै हुनुहुन्थ्यो ।

खोजी गरिएका विषयहरूलाई 'नरम' या 'कडा'मा ठ्याक्कै बाँड्न नसकिए पनि शुरुका दिनका विषयलाई 'सफ्ट' भन्न सकिन्थ्यो ।[११] खोपके स्वयंले पनि शुरुका विषयहरू नरम थिए भनेको छ । भ्रष्टाचारबारे खोज गराएर *बिग्रेको बाटो* पुस्तक निकालेपछि भने 'हार्ड इश्यु'तर्फ खोपके तानिएको देखिन्छ । धार्मिक आस्थाका नाममा मन्दिरमा हुने गतिविधिप्रति आँखा चिम्लने बानी त्यागेर पशुपतिनाथमाथि पहिलोपटक खोजमूलक रिपोर्टिङ भएको थियो । सङ्गीता लामाले गर्नुभएको 'पशुपतिनाथः खाँचो छ सुधार र सुव्यवस्थाको' शीर्षकको सो रिपोर्ट *हिमाल*मा प्रकाशित भएको थियो (लामा २०५४) । सितिमिति न्यायिक क्षेत्रका समाचार लेख्न हिच्किचाउने अवस्था पहिले पनि थियो, अहिले पनि छ । अदालतको मानहानि हुने र सीधै जेल जानुपर्ने पो हो कि भन्ने डरले न्याय क्षेत्रबारे खासै लेखिन्नथ्यो । न्याय क्षेत्रमा हुने अनियमिततामबारे गरिएको रिपोर्टिङ 'न्यायमा अन्यायः अब के गर्ने ?' ले 'पवित्र' मानिएको क्षेत्रमा हुने करतूतहरू बाहिर ल्याइदियो (गाउँले २०५५) । त्यस्तै 'कालो कोटमा विसङ्गतिका दागहरू' पनि वकिलहरूले कालो कोटको खोल ओडेर गर्ने चलखेल पर्दाफास गरेको थियो (थापा २०५४ख) ।

'नेपालमा राजनीतिक भ्रष्टाचारको वृत्तान्त' (कोइराला २०५६)ले तत्कालीन अवस्थामा राजनीति गर्नेहरूले राजनीति गरेकै भरमा ठडयाएका महल र विभिन्न सुविधा (पजेरो, सुत्केरी भत्ता, नक्कली बिलमा भुक्तानी) लिएको विषयलाई राम्रोसँग उठाएको छ । 'ऋण र अनुदानमा आएको भ्रष्टाचार' (पराजुली २०५६) ले वर्षेनी विकास निर्माणका नाममा ल्याइने ऋण र दातृ पक्षले दिने रकममा कसरी भ्रष्टाचार हुन्छ भन्ने तथ्य उजागर गरेको छ । भ्रष्टाचारलाई नै मुख्य विन्दु बनाएर गरिएका खोजीहरूको सङ्ग्रह गरेर *बिग्रेको बाटो* प्रकाशन गरिएको थियो ।

त्यस्तै, 'नेपालको औषधी बजारः सक्कली र नक्कली सरोबर' (दाहाल २०५८) ले औषधीको गुणस्तरमा ध्यान नदिने र सिफारिस गरिएकै भरमा औषधी प्रयोग गर्न बाध्य आम नागरिकलाई औषधी पनि सक्कली र नक्कली हुन्छ भन्ने तथ्य उद्घाटित गरेको थियो । २०५८ मङ्सिर ११ गतेदेखि शुरु

[११] सफ्ट या नरम विषयवस्तु भन्नाले सामान्यतया मानवीय अभिरुचिका; प्राकृतिक प्रकोप, वातावरणीय असर र धेरै लामो समय नलिई गर्न सकिने खालका विषयलाई बुझ्न सकिन्छ भने कडा विषयवस्तुमा भ्रष्टाचार, तस्करी, हिंसा आदि कुराहरू–जो सतहबाहिर सहजै देखिन्नन् तर सामाजिक, आर्थिक, राजनीतिक परिवृत्तमा ठूलो प्रभाव पार्छन् र प्रायः नकारात्मक विषयलाई उठाउँछन्–लाई लिन सकिन्छ । खोपकेका उत्पादनहरूमा 'टेलिभिजनको आकर्षण', 'महिला र लैङ्गिकतासम्बन्धी सवालहरूमा सकारात्मक हुँदैछ नेपाली सञ्चारमाध्यम', 'कचलको कुलो' 'अपारदर्शी पाठ्यपुस्तक व्यवसाय' आदिलाई नरम विषयवस्तु मान्न सकिन्छ भने 'चोरी सिकारः खुल्ला कारोबार', 'तेलमा मिसावटको खेल', 'कालो कोटमा विसङ्गतिका दागहरू', 'ऋण र अनुदानमा आएको भ्रष्टाचार' आदिलाई कडा विषयका रूपमा लिन सकिन्छ ।

भएर नौ महिनासम्म मुलुकभर लागु गरिएको 'सङ्कटकाल'मा कालीकोट विमान-स्थल निर्माणमा जुटेका मजदुरहरू मारिएका थिए, शाही सेनाको गोलीबाट । राज्यले तिनलाई 'माओवादी आतङ्ककारी'को लेबल लगाए पनि ती धादिङबाट काम गर्न कालीकोट पुगेका निहत्था र निर्दोष मजदुर थिए भन्ने 'मृत्युभन्दा कठोर सजाय' (मैनाली साथमा खड्का २०५९) शीर्षकको रिपोर्टले छर्लङ्ग्याएको छ ।

उल्लिखित विषयहरू उदाहरणमात्र हुन् । भ्रष्टाचारका, गैरकानुनी कामका, गलत व्यवहारका कतिपय मुद्दाहरू खोजीका विषय बनेका छन् । यद्यपि, सानो दायरा भएका, सामूहिक तवरबाट नगरिएका र छोटो समयका भएकाले होला, ठूलै प्रभाव पार्ने या उथलपुथल ल्याउने रिपोर्ट देखिन्नन् । *इन्भेस्टिगेटिङ एस्ट्राडा*को भूमिकामा सो पुस्तकका सम्पादक तथा फिलिपिन्स खोज पत्रकारिता केन्द्रका निर्देशक शीला कोरोनेल (सन् २०००)ले आफ्ना अनुसन्धान सहायक-हरूले दुई महिनासम्म लगातार बिहान ७ बजेदेखि लाममा बसी कम्पनी दर्ता रिपोर्ट खोजेर ल्याएको उल्लेख गरेकी छन् । यी रिपोर्टहरू अनुसन्धानका महत्व-पूर्ण सामग्री थिए । एउटै कामका लागि कतिसम्म समय खर्चनु पर्छ भन्ने उदाहरण हो यो । तर खोपकेबाट गरिने खोजको समयावधि छोटो छ । त्यहाँबाट गरिएका कतिपय सामग्रीहरूमा उस्तो मेहनत गरिएका लाग्दैनन् । सबै उत्तिकै राम्रा छैनन् । त्यसबाहेक, केही त खोजी रिपोर्ट भन्न सुहाउँदैनन्; पत्रकारितामा भन्ने गरिएका 'इन्डेप्थ स्टोरी' हुन् ती ।

थुप्रै विषयहरू हुनसक्छन् खोजीका । जनस्वास्थ्य, विकास, अर्थतन्त्र, गैर-सरकारी संस्था, घरेलु हिंसा, मानवअधिकार, आदि कतिपय विषयहरूबारे खासै खोजी भएको देखिन्न । अर्थतन्त्रको ठूलो हिस्सा ओगट्ने पर्यटन क्षेत्रबारे पनि खोजमूलक रिपोर्टिङ हुनसकेको छैन जबकि यो उपेक्षा गरिनु पर्ने क्षेत्र किमार्थ होइन (दीक्षित सन् १९९७) । खोजी रिपोर्टको सचित्र प्रस्तुतिले लेख बढी प्रभावी हुने र सो को विश्वसनीयता पनि बढ्ने हुन्छ । तर तस्वीर पत्रकारिताले आशा गरेभन्दा न्यून स्थान पाएको छ खोज पत्रकारिताको क्षेत्रमा (उषा २०५८) ।

खोज पत्रकारिता केन्द्रले उपलब्ध गराएको तथ्याङ्कअनुसार स्थापना काल-देखि २०५९ सालसम्ममा जम्मा ५२ जना स्वतन्त्र या विभिन्न मिडिया संस्थामा कार्यरत पत्रकारहरूले लेखनवृत्ति लिएर खोजी गरेका छन् । केन्द्रबाट स्टोरी गर्नेमध्ये ११ जनाले एकभन्दा बढी विषयमा खोज गरेका छन् । दोहोर्‍याएर वा एकभन्दा बढी स्टोरी गर्नेहरूमा प्रायः सिनियर मानिएकाहरू नै छन् । हरि थापा र मोहन मैनालीले सबैभन्दा बढी ६ वटा स्टोरी गर्नुभएको छ । शिव गाउँलेले ५ वटा र सुधीर शर्मा र तोया दाहालले ३-३ वटा स्टोरीहरू गर्नुभएको छ । हस्त गुरुङ, शेरबहादुर के.सी., चन्द्र किशोर, गोपाल गुरागाईं, रमा पराजुली र सुशील मैनालीले २-२ वटा स्टोरी गर्नुभएको छ । खोपकेमार्फत तयार गरिएका बहुसङ्ख्यक रिपोर्टहरू पत्रपत्रिका र पुस्तकमा प्रकाशित छन् । २०५९

सालको अन्तसम्म त्यहाँबाट उत्पादित ११ वटा स्टोरीहरू अप्रकाशित थिए (हेर्नुहोस् अनुसूची) ।

खोपकेबाट स्टोरी गर्ने पत्रकारमध्ये ५ जना मात्र महिला छन् । खोजी गर्नेमा काठमाडौंबाहिरका पत्रकारहरूको सङ्ख्या पनि थोरै छ– १३ जना मात्र । उपत्यकाबाहिरका पत्रकारमध्ये धेरैले व्यक्तिगत रूपमा भन्दा संयुक्तरूपमा वा 'साथ-लागेर' खोजी गरेका छन् ।

## *अन्य सक्रियता*

स्थापनाकालदेखि नै खोपकेको मूल प्रयास छापा पत्रकारितामा खोज उत्पादन गर्नेतर्फ केन्द्रित देखिन्छ । उत्पादित ६० रिपोर्टमध्ये थोरै रिपोर्टमात्र श्रव्य-दृश्य माध्यमका छन् । २०५९ सालमा केन्द्रबाट सङ्कटकाल अवधिका विषयवस्तुमा आधारित 'जोगीमाराका ज्यूँदाहरू' (३८ मिनेट), 'भोकमरीको मौसम' (२६ मिनेट) शीर्षकका दुईवटा भिडियो डकुमेन्ट्रीहरू नेपाली र अङ्ग्रेजी भाषामा बनाइएका छन् । पछिल्लोको रेडियो डकुमेन्ट्री पनि बनाइएको छ । 'जोगिमाराका ज्यूँदाहरू' रुसी साँस्कृतिक केन्द्रमा साउथ एसियन फिल्म फेस्टिवलमा प्रदर्शित गरिएको थियो । भोकमरीको मौसम नेपाल टेलिभिजन र रेडियो सगरमाथाबाट प्रसारण भइसकेका छन् । यी दुवै डकुमेन्ट्रीका 'कथा'हरू *हिमाल खबर-पत्रिका*मा पनि प्रकाशित भैसकेका छन् । त्यस्तै, 'हराउँदै गएका पर्साका जमिन' र 'कर्णालीको स्वास्थ्य' शीर्षकका भिडियो सामग्री नेपाल टेलिभिजनको आँखीभ्याल कार्यक्रमबाट प्रसारण भइसकेका छन् । रेडियोका लागि दीपेन्द्र खनियाद्वारा तयार गरिएको 'काठमाडौंको पानीको गुणस्तर' शीर्षकको खोज रेडियो सगरमाथाबाट प्रसारण भएको थियो ।

खोपकेका अन्य सक्रियता केलाउँदा सङ्कटकाल अवधिको मिडिया अनुगमन पनि उल्लेख्य छ । मुलुकभर लागू भएको सङ्कटकालीन अवस्थाले जनताका कतिपय मौलिक हक उपयोगमा व्यवधान ल्याएको थियो भने मिडिया पनि त्यसबाट प्रभावित थियो । काठमाडौंबाट निस्कने ६ वटा ठूला दैनिकमा सङ्कटकालको समयमा छापिएका सामग्रीको अनुगमन र विश्लेषण विनोद भट्टराईले अङ्ग्रेजीमा गर्नुभएको छ । त्यस्तै सङ्गीता लामाले पनि खोपकेका लागि सङ्कटकाल अवधिकै सबै ठूला दैनिक र छानिएका केही साप्ताहिकहरूका सामग्री नेपालीमा अनुगमन

गर्नुभएको छ । यद्यपि, यी दुवै सामग्री २०५९ सालको अन्तसम्म प्रकाशित थिएनन् ।

खोज पत्रकारिताको व्यवहारिक अवसरसँगै सैद्धान्तिक ज्ञान बाँड्ने अभिप्रायले खोपकेले सो क्षेत्रका पुस्तकहरू पनि प्रकाशन गर्दै आएको छ । २०५९ सालसम्म खोपकेबाट पाँचवटा पुस्तकहरू उत्पादन भैसकेका छन् जसमध्ये एउटा नेपाल प्रेस इन्स्टिच्यूटले र बाँकी चारवटा खोपके आफैँले प्रकाशन गरेको हो । पाँचमध्ये दुई पुस्तक–*खोज पत्रकारिता* (मैनाली र भट्टराई २०५८) र *अदालती रिपोर्टिङ* (गाउँले २०५९)–हाते किताब स्तरका छन् । बाँकी तीनवटा–*खोज* (दाहाल २०५६), *बिग्रेको बाटो* (शर्मा २०५६), *धरापः हिंसा, तस्करी र अराजकताका कथा* (थापा र मैनाली २०५८)–चाहिँ

केन्द्रबाट उत्पादित चुनिन्दा खोजी लेखहरूको सङ्कलन हुन् । *खोज* र *धराप* विभिन्न पत्रिकाहरूमा छापिएका र केन्द्रमार्फत गरिएका स्टोरीहरूको सङ्कलन हो । *बिग्रेको बाटो*का दुईवटाबाहेक सबै लेखहरू पुस्तकका लागि भनेर तयार गरिएका हुन् र तिनमा खासगरी भ्रष्टाचार (सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक) लाई केन्द्रविन्दु बनाइएको छ । *खोज पत्रकारिता*मा सो विषयबारेको सैद्धान्तिक तथा व्यवहारिक पक्षलाई केलाइएको छ । त्यस्तै, *अदालती रिपोर्टिङ*ले न्याय क्षेत्रका समाचार लेख्न चाहनेहरू वा अदालतलाई आफ्नो कार्यक्षेत्र बनाउने पत्रकारहरूलाई सैद्धान्तिक ज्ञान दिन्छ ।

## व्यवस्थापकीय चुनौतीहरू

खोज पत्रकारिता केन्द्र हिमाल एशोसिएशनको एउटा एकाइमात्र भएकाले माउ संस्थाले गर्ने व्यवस्थापनले यसलाई कतिपय चिन्ताहरूबाट मुक्ति दिएको छ । खर्चपर्चको हिसाबदेखि नियमित र भैपरी आउने धेरै झमेलाबाट पार पाएको छ केन्द्रले । खोज पत्रकारिता गर्न प्राप्त हुने रकमको दातासँगको सम्झौता पनि हिमाल एशोसिएशनसँगै हुन्छ । यति हुँदाहुँदै पनि खोपकेले आफ्नै व्यवस्थापन या मोहन मैनालीका शब्दमा "गोठाले धन्दा" भने गर्नै पर्ने हुन्छ । खोजी गर्ने पत्रकार खोज, आएका प्रस्ताव अध्ययन गर, काम देऊ, काम दिएकाहरूलाई काम सक्न ताकेता गर, मस्यौदामा टिप्पणी/सुझाव देऊ, तिनले दिएका सामग्री सम्पादन गर, अनि बजारमा बेच । लामो र झन्झटिलो प्रक्रिया छ यो । यी सबै चरण सम्पन्न गर्ने जिम्मा प्रारम्भदेखि नै 'असाइन-मेन्ट एडिटर'को रहँदै आएको छ । शुरुदेखि २०५५ माघसम्म राजेन्द्र दाहालको काँधमा सो जिम्मा थियो भने त्यसपछि २०५९ सालको अन्तसम्म मोहन मैनाली 'गोठालो' बन्दै आउनुभएको थियो । २०५९ भदौदेखि असाइनमेन्ट एडिटरलाई सघाउन तीन जना सहयोगीहरू (सङ्गीता लामा, तोया दाहाल र कौशल भट्टराई) थपिएका छन् जसको काम खोज पत्रकारले तयार पारेका स्टोरीहरू सम्पादनमा सहयोग गर्नु र स्वयं पनि खोजमा संलग्न रहनु हो ।

खोपकेका निर्देशक मैनाली व्यवस्थापकीय काम झन्झटिलो र अप्ठेरो ठान्नुहुन्छ । तोकिएको समयमा स्टोरी फुत्काउनु कठिन छ । कतिपय अवस्थामा व्यवहारिक कठिनाइ बुझ्नुपर्ने हुन्छ भने कहिले काम गर्ने व्यक्तिको विभिन्न बहाना । त्यसैले कहिलेकाहीँ खोजकर्तालाई दिइएको समयमा काम सम्पन्न नहुने अवस्था आउँछ । खोज गर्दै जाँदा भेट्टाइएका तथ्य, तथ्याङ्कहरू पुष्टि र पुनःपुष्टि गर्दा समय खान्छ । एउटा स्टोरी सकाउन १८ दिनदेखि ६ महिनासम्म लागेको अनुभव छ खोपकेको । त्यसबाहेक, खोज गर्नेहरूमध्ये केही चाहिँ सम्पादन नरुचाउने, सिक्ने भन्दा स्वयं नै बढ्ता जान्नेजस्तो गर्ने पनि हुन्छन् । अनुभव सुनाउँदै मैनाली भन्नुहुन्छ–

> एउटा रिपोर्टरले स्टोरीमा विक्रम सम्वत्लाई इस्वी सम्वत्मा लेखेर ल्याएपछि विक्रम सम्वत्मा राख्नुस् भन्दा यसमा ५६ या ५७ जोडे निस्किहाल्छ नि भन्ने उत्तर दियो । जबकि सम्पादकको काम त्यतिसम्मको होइन । एउटै स्टोरीमा पनि तथ्य, तथ्याङ्कको प्रयोगमा असमानता पाइन्छ । तत्कालको लागि खोज गर्नेलाई सजिलो भएपनि सामान्य अवस्थाबाट उम्कन खोज्ने बानीले ऊ खोज-रिपोर्टर त के, रिपोर्टर नै नबन्न सक्छ ।
>
> खोज गर्नेमध्ये केहीको भाषा र शैली खोजी रिपोर्टका हिसाबले उपयुक्त देखिन्नन् । उनीहरू निरस पाराले लेख्छन् । दैनिक या साप्ताहिकमा सामान्य रिपोर्टिङमा सो ठीकै होला तर एउटा खोज पत्रकार राम्रो कथा भन्नसक्ने पनि हुनसक्नु पर्छ । जति मीठो प्रस्तुति हुन्छ त्यति नै पाठकको रुचि जाग्छ, स्टोरीतर्फ । तर यो पाटो एकदमै कम छ ।[१२]

खोजी गरिसकेका पत्रकार हरि थापा सम्मति जनाउनुहुन्छ– "मसँगै स्टोरी गर्न खोज्ने केही साथीहरू सम्पादकीय सल्लाह नरुचाएर कामै छोडेर हिंडेका पनि छन् ।" कतिपय अवस्थामा भने असाइनमेन्ट एडिटर आफैँले 'लिड' लेखिदिएर त्यसपछिका खाकामा लेख्ने सरसल्लाह दिइने गरेको छ ।

स्टोरी गर्छु भन्ने तर स्टोरी नगर्ने या गर्न नसक्नेहरू पनि छन् । आफू खोपकेमा कार्यरत हुँदा ४० जनालाई स्टोरी 'असाइन' गरेकोमा २५ जनाले मात्र खोज गर्न सकेको राजेन्द्र दाहाल बताउनुहुन्छ । बाँकी १५ जनामध्ये केहीले पेश्की लिएर पनि खोज गरेनन् । केहीले भने काम गर्न नसेकेकाले पैसा फिर्ता गरे ।

### *खर्च-आम्दानी*

खोज पत्रकारिता केन्द्रले आफ्नै स्रोत-साधनबाट लेखनवृत्ति दिएर खोजमूलक अनुसन्धानहरू गराउन सक्ने अवस्था छैन । खोजी कार्यले लामो समय लिन्छ र यो खर्चिलो पनि उत्तिकै छ । खोपकेका पूर्व निर्देशक दाहालका अनुसार उहाँको कार्यकालसम्म सम्पन्न भएका करिव २५ वटा स्टोरीहरूको औसत लागत २०-२५ हजार थियो । मोहन मैनाली "पहिलेको भन्दा औसत लागत बढेको छ तर कति भन्ने चाहिँ हिसाब नै गर्नुपर्छ" भन्नुहुन्छ । प्रतिखोजमूलक स्टोरीको औसत लागतमा लेखनवृत्तिका अतिरिक्त यातायात, सन्दर्भ सामग्री, तालिम प्रशिक्षण र सम्पादनमा हुने खर्च जोडिएको हुन्छ ।

खोपकेले उत्पादन गरेका स्टोरी पत्रिकालाई बेचेर र खोजसम्बन्धी पुस्तकबाट प्राप्त हुने रकम केन्द्रकै नाममा जम्मा भए पनि त्यसले खोजी कार्यमा लाग्ने खर्च धान्दैन । केन्द्रले २,५०० देखि ४,००० रुपियाँमा आफ्ना

---

[१२] मोहन मैनालीसँगको व्यक्तिगत कुराकानी ।

स्टोरीहरू बेचेको छ । उत्पादित सामग्रीको गहनता र समयसापेक्षताले स्टोरीको मूल्य घटबढ हुनसक्छ । मूल रूपमा खोपकेका उत्पादनहरूको बजार उपत्यका मात्रै हो । उपत्यकाबाहेक क्षेत्रीय स्तरमा स्टोरीहरू हालसम्म बेचिएका छैनन् र मुलुक बाहिर पनि बजार छैन । यद्यपि, अपवादका रूपमा मोहन मैनालीको 'जतातते विषैविष' (२०५५) र शिव गाउँलेको 'न्यायमा अन्याय: अब के गर्ने' (२०५५) स्टोरी चाहिँ अङ्ग्रेजीमा अनुवाद भएर क्रमश: ५० र ८० हजार रुपियाँमा बेचिएका थिए ।

सामान्य अवस्थामा खोजीमा खर्च भएको रकमको २० प्रतिशत पनि फिर्ता नआउने भएकाले खोजी गर्न-गराउन दाता खोज्नै पर्ने हुन्छ । सहयोग खोज्ने क्रममा विभिन्न दाताहरूबाट २०५९ सालसम्म खोपकेलाई कुल ६८ लाख रुपियाँ बराबरको सहयोग प्राप्त भैसकेको छ । केन्द्रलाई सहयोग गर्ने मुख्य संस्थाहरूमा एसिया फाउन्डेशन, डेनिस राजदूतावास र अन्तर्राष्ट्रिय मिडिया सपोर्ट, आदि छन् । तर कतिपय अवस्थामा सहयोगसँगै शर्तहरू पनि गाँसिएर आउँछन्; उनीहरूको रुचिका विषयमा अध्ययन गर्नुपर्ने हुन्छ । खोपकेलाई दातृसंस्थाले भ्रष्टाचार या घरेलु हिंसाजस्ता विषय तोकेर सहयोग गरेका छन् जसले गर्दा केन्द्रले चाहेका अथवा व्यक्तिगत रुचिका अन्य विषयले ठाउँ नपाउन सक्छन् । खोपकेलाई सहयोग गर्ने संस्था एसिया फाउन्डेशनले स्थापना-कालताका लचकता देखाए पनि सन् २००१-२००३ मा भ्रष्टाचारमाथि मात्र खोज गराउन सहयोग गरेको छ । इन्टरनेशनल मिडिया सपोर्टले सङ्कटकालमा भएको मानवअधिकार उल्लङ्घन विषयमा अध्ययन गर्न सहयोग गरेको छ । अर्को सहयोगी संस्था डेनिस राजदूतावासले भने खोजका विषयमा लचकता देखाएको छ ।

## *खोजी सामग्रीको बजार*

नेपाली पत्रकारिता–काठमाडौंबाहिर होस् या भित्र–को फैलावटलाई हेर्ने हो भने दिनदिनै यसको सङ्ख्या, बजार, क्षेत्र बढ्दै गैरहेको छ । सँगसँगै पत्रकारितामा दक्ष जनशक्तिको माग पनि बढिरहेको छ । "यो फैलिँदो बजारलाई आवश्यक जनशक्ति र उत्पादन सामग्रीको माग पूरा हुनसकेको छैन" भन्नुहुन्छ राजेन्द्र दाहाल । तर खोपकेका खोजी सामग्रीले थोरै पत्रिकामा मात्र स्थान पाएका छन् । त्यो पनि उपत्यकाभित्रै सीमित छ । क्षेत्रीय स्तरका पत्रपत्रिकाहरूको क्रयशक्ति नहुनु र बाहिरी मुलुकका या अन्तर्राष्ट्रिय पत्रिकाले यहाँका विषयवस्तुलाई 'न्यूजवर्थी' नठान्नुले भोलिका दिनमा पनि खोजी सामग्रीको बजार ह्वात्तै बढ्ने स्थिति देखिन्न ।

खोपकेका सामग्री धेरै *हिमाल खबरपत्रिका*मा छापिएका छन् । यसका पछाडि हिमाल एशोसिएशन र हिमाल मिडियाका सञ्चालकहरूको निकटताले

धेरै काम गरेको छ ।[१३] यद्यपि, शुरुमा खोपकेका उत्पादनको बजार फराकिलो बनाउने प्रयास भएको थियो । विभिन्न दैनिक पत्रिकाहरूमा सामग्री छाप्न अनुरोध गरिएको थियो । राजेन्द्र दाहालका अनुसार *कान्तिपुर*लाई छाप्न अनुरोध गर्दा खासै चासो नदेखाएको र सामग्री छापे पनि क्रेडिट दिए पैसा नदिने, पैसा दिए क्रेडिट नदिने भनेपछि सो पत्रिकामा खोपकेका उत्पादनहरू छापिएनन् । त्यसो त पछिल्ला दिनमा आएर *कान्तिपुर*मा सामग्री नछापिनुको अर्को कारण पनि छ– संस्थागत प्रतिद्वन्द्विता । कान्तिपुर पब्लिकेसन्सको प्रकाशन *नेपाल* र हिमाल एशोसिएशनबाट बेचिएर हिमाल मिडियाबाट प्रकाशित हुने *हिमाल खबरपत्रिका*बीचको प्रतिस्पर्धाले गर्दा पनि कुनै स्टोरी *नेपाल*मा छापिन सकेका छैनन् । *नेपाल*का सम्पादक तीर्थ कोइराला आफू सम्पादक भएदेखि खोपकेले कुनै स्टोरी छाप्न अनुरोध⁄प्रस्ताव नगरेको बताउनुहुन्छ । कोइराला विगतको कुरा आफूलाई खासै थाहा नभए पनि “राम्रा स्टोरीहरू *हिमाल*ले छाप्ने र तुलनात्मक रूपमा कमसल खाले छाप्न अनुरोध गर्ने मानसिकताले गर्दा पनि *नेपाल*मा खोपकेका खोजले स्थान नपाएका हुनसक्छन्” भन्नुहुन्छ ।

खोपकेका खोजी सामग्री ब्रोडशिटहरूमा एकादुई मात्रै छापिएका छन् । *स्पेसटाइम*का सम्पादक योगेश उपाध्याय खोपकेले आफ्ना उत्पादनहरू छाप्न प्रस्ताव नल्याएको र छापिएका दुइटा स्टोरी पनि पैसा नतिरिकनै छापेको बताउनुहुन्छ । “प्रस्ताव आएमा बोर्डमा राखेर छलफल गर्न सकिन्छ,” उहाँ थप्नुहुन्छ । मोहन मैनालीको अनुभवमा “डलर खाएर गरेको स्टोरी सित्तैमा छाप्न दिए भैहाल्यो नि” भन्ने मानसिकताका कारण छाप्न अनुरोध गर्दा पनि खोपकेका स्टोरीहरू *गोरखापत्र*मा छापिन नसकेका हुन् । कतिपय अरू पत्रिकामा सम्पर्क राख्दा ‘क्वालिटी’ पुगेन भनेर फर्काएको तर पछि तिनै स्टोरी अन्यत्र छापिएपछि राम्रा भनेर कहलिएका पनि मैनाली स्मरण गर्नुहुन्छ । गुणस्तरमा प्रश्न उठाउनेमाथि उहाँको टिप्पणी थियो– “कसैको क्वालिटी नै खस्कने गरी हामीले पनि छाप्न कर गरेनौं ।”

पत्रकार सुधीर शर्माको विचारमा खोपकेका स्टोरीहरू ठूला दैनिकरूले छाप्न चासो नदेखाउनुमा स्टोरीहरूको स्तरभन्दा पनि लम्बाइ कारण हुनसक्छ । शर्मा भन्नुहुन्छ, “लामा स्टोरीहरू दैनिकमा अटाउन कठिन छ ।” तर मैनाली सो तर्कसँग उस्तो सहमत हुनुहुन्न । उहाँको दाबा छः खोपकेले उत्पादन गर्ने स्टोरीहरू अन्य दैनिक, पाक्षिकका स्टोरीहरू वा कभर स्टोरीहरूभन्दा ‘कम्प्याक्ट’ छन् ।

---

[१३] हिमाल एशोसिएशनका संस्थापक महासचिव कनक दीक्षित हिमाल मिडियाका लगानीकर्तामध्ये एक हुनुहुन्छ । उहाँले केही समय *हिमाल खबरपत्रिका*को सम्पादन पनि गर्नुभयो भने अहिले प्रकाशक मात्र हुनुहुन्छ ।

*हिमाल*पछि खोपकेका स्टोरीहरू धेरै छाप्नेमा *काठमाडौं टुडे* (हाल बन्द) आउँछ ।[१४] यसले खोपकेका नौवटा स्टोरीहरू छापेको छ । म्यागेजिन विधामा केही समय राम्रै पहिचान बनाएको *टुडे*ले २,००० देखि २,५०० रुपियाँसम्म तिरेर ती स्टोरी प्रकाशन गरेको थियो । सम्पादक टीकाराम राई खोपकेको उत्पादन छापेर *टुडे*को गुणस्तर माथि उठेको नभै खोपकेले आफ्ना उत्पादनको प्रभाव *टुडे*मार्फत प्राप्त गरेको ठान्नुहुन्छ ।

खोपकेका सामग्रीको वितरणको सीमिततापछाडि ती स्टोरीको मूल्य पनि कारक रहेको छ । ब्रोडशिटका लागि त त्यो समस्या नहोला तर धेरै साप्ताहिक र क्षेत्रीयस्तरका पत्रिकाहरू अझै पनि यस्ता सामग्री किनेर छाप्ने हैसियत राख्दैनन् । त्यसबाट प्रतिफल आउने ठान्दैनन् । फिचर या लेखमाला जस्तो निःशुल्क उपलब्ध हुँदो हो त सम्भवतः धेरैले छाप्थे । ब्रोडशिट-वालाहरूमा सकभर आफ्नै पत्रकारले तयार गरेकै सामग्री छाप्ने मानसिकता छ । उनीहरू आफ्ना कर्मचारीले नै त्यस्ता सामग्री तयार गरून भन्ने चाहन्छन् । तर आफ्ना पत्रकारहरूलाई खोजका लागि आवश्यक समय दिन पनि कञ्जुस्याइँ गर्छन् । अर्कोतर्फ, औपचारिक कार्यक्रमहरूको रिपोर्टिङ गरेर तलब पकाइरहेका पत्रकारलाई खोजी गर्नका लागि विशेष 'इन्सेन्टिभ' पनि पत्रिकाहरूले दिन सकेको देखिँदैन ।

## खोपकेको प्रभावकारिता

सात वर्षदेखि खोजी पत्रकारिताको प्रवर्धनमा लागेको खोपकेले खोजेको कुरा कति पायो ? अथवा उसको प्रभावकारिता कस्तो रह्यो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । सम्भवतः दुई हिसाबले खोपकेको प्रभावकारिताको मूल्याङ्कन गर्न सकिन्छ– एक त खोपकेका उत्पादनहरूले सम्बन्धित क्षेत्रमा पारेको प्रभाव र दुई स्वयं पत्रकारहरूको सीप या स्तरमा आएको परिवर्तन ।

### *प्रकाशित सामग्रीहरूको प्रभावकारिता*

खोज पत्रकारिता केन्द्रमार्फत उत्पादित सबै खोजी सामग्रीहरू उच्चस्तरका छन् र तिनले उत्तिकै प्रभाव पारेका छन् भन्न मिल्दैन । त्यसो त खोजीमा उठाइएका मुद्दाको क्षेत्र र त्यसको गाम्भीर्यले पनि लेखलाई कम वा ज्यादा प्रभावी बनाउँछ । *हिमाल*मा छापिएको सङ्गीता लामा (२०५४) को लेखले पशुपतिका भट्टहरूले दान-दक्षिणामाथि गर्ने रजाइँ बन्दै त हुन सकेन तर त्यसले थुप्रै प्रतिक्रिया भने जन्मायो । थुप्रै अरू पत्रकारहरूले पनि सोबारे रिपोर्टिङ गरे । धेरैतिरबाट आवाज उठाइएपछि मूल भट्टले राजीनामा नै दिए ।

[१४] २०५३ कात्तिक १ देखि बजारमा देखापरेको *काठमाडौं टुडे* लामो समय बजारमा टिकेन । २०५६ वैशाखदेखि नै यो बन्द छ ।

लौठ-सल्लाको पातको तस्करीबारे खोपकेमार्फत हरि थापाले गरेको खोज *काठमाडौं टुडे*मा छापिएको थियो (थापा २०५४क)। 'सुनको फूल पार्ने कुखुरी सङ्कटमा' शीर्षकको सो सामग्री छापिएपछि सरकार तस्करी नियन्त्रण गर्न अग्रसर भएको थियो। हिमाली क्षेत्रका जडीबुटीहरू उपेक्षा गर्दै आएको सरकारले त्यसपछि लौठ-सल्लाका पातको महत्व पनि बुझ्यो। 'तेलमा मिसावटको खेल' सुधीर शर्मा र गोपाल खनालको संयुक्त खोज हो। *हिमाल खबरपत्रिका* र *नेपाली टाइम्स*मा आवरण लेखका रूपमा छापिएको यो लेखमा तेलमा हुने मिसावटमा कसरी सरकार, निगम र व्यापारीको मिलोमतोमा देशलाई चुसिन्छ भन्ने देखाइएको छ (शर्मा र खनाल २०५७)। 'जतातते विषैविष' शीर्षकमा *काठमाडौं टुडे*मा छापिएको मोहन मैनालीको लेखले कीटनाशक विषादीको थन्क्याइ उचित रूपमा हुन नसकेको साथै त्यसले पार्ने वातावरणीय असरबारे बेवास्ता भएको तथ्यलाई उजागर गरेको थियो (मैनाली २०५५)। लेख छापिए-पछि विषादी व्यवस्थित तुल्याउन सरोकार पक्षले केही अग्रसरता देखाएको थियो।

नीति नियम पालना भए नभएको हेर्ने र विकृतिहरू रोक्ने प्रहरी प्रशासन स्वयं भ्रष्टाचारमा लिप्त छ भन्ने धरानका प्रहरीले अन्धालाई पनि सवारी चालक अनुमति पत्र दिएबाट केही हदसम्म पुष्टि हुन्छ। कौशल भट्टराईको खोज 'धरानको धन्दाः प्रहरीलाई पैसा, अन्धालाई लाइसेन्स' *हिमाल*मा छापिइसकेपछि त्यहाँका तत्कालीन प्रहरी प्रमुखको सरुवालगायत विभागीय अनुसन्धान भएको थियो (भट्टराई २०५९)। अझ अनौठो त के थियो भने सो सामग्री प्रकाशित नगर्न पूर्वाञ्चलका पत्रकारहरूले नै दबाब र धम्की दिएका थिए खोपकेमा। यसबाट वाचडगका रूपमा हेरिने 'चौथो अङ्ग'का सदस्य विसङ्गति उदाङ्गो पार्नेमा होइन कि तिनलाई ढाकछोप गर्नमा पनि सामेल हुन्छन् भन्ने देखिन्छ।

न्यायिक क्षेत्रमा हुने गरेका अनियमितता र भ्रष्टाचारबारे शिव गाउँले र हरि थापाका स्टोरीहरूले पनि राम्रै प्रभाव पारेका थिए। थापाको 'कालो कोटमा विसङ्गतिका दागहरू'ले वकिलहरूले कालो कोट लाएर कसरी भ्रष्टाचार गर्दा रहेछन् भन्ने तथ्य बाहिर ल्यायो (थापा २०५४ख)। पछि सो स्टोरी त्रिभुवन विश्वविद्यालयको कानून सङ्कायअन्तर्गत स्नातक तहको लिगल नेपालीको पाठ्यक्रममा पनि समावेश गरियो। त्यस्तै, गाउँलेको 'न्यायमा अन्यायः अब के गर्ने' स्टोरीले पनि न्याय दिने निकायमा नै कसरी अन्याय गरिन्छ भन्ने प्रष्टचाएको थियो (२०५५)।

२०५८ मङ्सिर ११ गतेदेखि नेपालभर सङ्कटकालीन स्थिति घोषणा गरिएको थियो। सङ्कटकालले गर्दा नागरिकका मौलिक हकमा र स्वतन्त्र घुमफिरमा बाधाबन्देज थियो। यसको प्रभाव पत्रकारिता क्षेत्रमा पर्‍यो। पत्रिकाहरूमा खोजको खडेरी देखियो। यस्तै अवस्थामा पनि 'मृत्युभन्दा कठोर सजाय' शीर्षकमा खोजी रिपोर्ट *हिमाल*मा छापिएको थियो (मैनाली साथमा खड्का २०५९)।

कामको खोजीमा धादिङबाट कालीकोट विमानस्थल निर्माणका लागि मजुरी गर्न गएका १७ जना निहत्था र निर्दोष मानिस शाही सेनाबाट मारिएका थिए । मारिएका ती मानिस र त्यसपछि उनीहरूका परिवारमा परेको प्रभावबारे सो सामग्रीमा विस्तृत चर्चा गरिएको छ । सोही स्टोरीको डकुमेन्ट्री पनि बनायो खोपकेले । 'जोगीमाराका ज्यूँदाहरू' शीर्षकको सो डकुमेन्ट्री २०५९ सालमा रुसी साँस्कृतिक केन्द्रमा प्रदर्शन गर्दा स्थानीय प्रशासनले हस्तक्षेप गरेको थियो ।

### *पत्रकारहरूको सीपमा*

खोपकेबाट वृत्ति लिई अनुसन्धान गर्नेहरूको खोजी गर्ने तथा लेखन सीपमा सकारात्मक प्रभाव परेको केन्द्रका दुवै निर्देशक राजेन्द्र दाहाल र मोहन मैनालीको अनुभव छ । खोपकेबाट स्टोरी गर्नेहरू स्वयंले लेखन-स्तर तथा खोजी गर्न सक्ने क्षमता बढेको बताएको मैनालीको कथन थियो । प्रायःले पहिलो गल्तीबाट सिकेका र पुनः त्यही गल्ती नदोहोऱ्याएको उहाँको अनुभव छ । खोपकेबाट स्टोरी गर्दा आफ्नो सीप बढेको हरि थापा पनि बताउनुहुन्छ । खोपकेबाट पहिलो पटक स्टोरी गर्नेहरूले दोस्रो पटक त्यस्तै खालको खोज गर्दा लगाएको समय र लेखनशैलीमा भिन्नता छ । "पहिलो पटक स्टोरी गर्नेहरूले एउटा खोज सक्न औसत ४० दिन लगाएकोमा दोस्रो पटकमा आधा समयमै खोज सम्पन्न गरेका थिए," दाहाल भन्नुहुन्छ ।

तथ्य नपुग्दा, पुष्टि नहुँदा, कुरा बाझिँदा, लेखाइ निरस हुँदा खोजी गर्नेहरूले दोहोऱ्याएर, तेहेऱ्याएर लेख्नुपर्छ । तर कतिपयमा त्यो धैर्य हुँदैन । उनीहरू एक पटक लेखेपछि पुग्यो भन्ने ठान्छन् । पुनर्लेखन गर्नु सानो हुनु हो भन्ने भावना पनि पाइन्छ थुप्रैमा । मैनाली भन्नुहुन्छ– "कतिलाई हामीले दुःख दिएको जस्तो पनि लाग्दो रहेछ । तर पाठकले चाख राखेर नपढिदिए, भन्न खोजेको कुरा सम्प्रेषण नभए लेखेको के अर्थ ?" त्यसो त एउटै स्टोरीलाई पाँच पटकसम्म पुनर्लेखन गराएको अनुभव छ पूर्व निर्देशक दाहालसँग । शिव गाउँलेको 'न्यायमा अन्यायः अब के गर्ने' शीर्षकको स्टोरी हो त्यसको उदाहरण ।

### निष्कर्ष

खोजी गर्नेहरू तयार गर्ने, उनीहरूलाई आवश्यक सीप र स्रोत उपलब्ध गराउने उद्देश्य बोकेर २०५३ सालमा खोलिएको खोज पत्रकारिता केन्द्र केही हदसम्म आफ्नो उद्देश्यमा सफल छ । व्यक्तिगत प्रयास र स्रोत-साधनबाट सोध-खोज गर्नु कठिन छ । उत्साह र इच्छा मात्र भएर हुँदैन गर्ने गराउने वातावरण र स्रोत-साधन उत्तिकै आवश्यक हुन्छ । खोजी पत्रकारिताका स्वाभाविक अभ्यासकर्ता– मिडिया संस्था–ले पनि खोजी पत्रकारितालाई प्राथमिकता दिएर अगाडि नबढाइ-रहेको स्थितिमा बाहिरबाट प्रयास हुनु स्वागतयोग्य कार्य हो । खोजी रिपोर्टिङ

गर्न चाहनेलाई सहयोग गर्न तत्पर हुने संस्था उपलब्ध भएकाले सन्तोष गर्ने ठाउँ छ । खोपकेको प्रयासले खोजी पत्रकारितालाई केही हदसम्म परिचित गराएको छ भने करिब करिब शून्यको स्थितिबाट केही उचाइमा पुऱ्याएको छ ।

तर स्थापनाको सात वर्षमा जेजति काम भए ती धेरै होइनन् । खोजी गर्न-सक्ने जनशक्तिमा गर्नुपर्ने लगानी पर्याप्त छैन । उपत्यकाबाहिरका पत्रकारहरू कमैले मात्र सीप हासिल गरेका छन्; खोजी गर्नेहरूको सङ्ख्या पनि त्यसैले थोरै छ । जतिले गरे तिनमा पनि स्वतन्त्र स्टोरी गर्ने झन थोरै छन् । खोपकेबाट खोजी गर्नेहरूमा महिलाहरूको सङ्ख्या पनि निकै कम छ ।

खोपकेले हालसम्म उत्पादन गरेका खोजी रिपोर्टहरू कि व्यक्तिगत हिसाबले आफ्नो रुचिको विषयमा र केही अवस्थामा दुईजना मिलेर खोजी गरेको देखिन्छ । तर दुईभन्दा बढी मिलेर एउटै मुद्दालाई उधिनेको पाइँदैन । व्यक्तिगत स्तरमा गरिने खोजहरूका आफ्नै सीमितता छन् । छोटो समयावधिमा एउटैले गर्ने विषय पनि सानो हुन्छ । सङ्गठित तवरबाट अलि ठूलो मुद्दालाई खोजी गरेर पस्कन सके त्यसको प्रभावकारिता पनि ठूलै हुन्थ्यो भन्न सकिन्छ । फिलिपिन्सका तत्कालीन राष्ट्रपति जोसेफ एस्ट्राडाबारे पत्रकारहरूको खोजी होस् या भारतीय रक्षा क्षेत्रमा हुने अनियमितताबारे 'तहल्का'को भण्डाफोर होस्, ती सामूहिक प्रयास थिए र लामो समय लगाएर गरिएका थिए । नेपालमै पनि गुत्थी नसुल्झेका थुप्रै मुद्दाहरू छन् । भ्रष्टाचारबारेका अनगिन्ती कथाहरू भनिन्छन् । नेता, कर्मचारीका सम्पत्तिबारे विभिन्न बयानहरू सुनिन्छन् । तर प्रक्रियाबद्ध हिसाबले, सामूहिक हिसाबले कमै मात्र अध्ययन भएका छन् ।

खोपकेमार्फत गरिएका खोजहरूमा छापाको आधिक्य छ । जति खोजी भएका छन् केहीलाई छाडेर सबै छापाकै लागि गरिएका छन् । सात वर्षे अवधिमा एकजना फोटो पत्रकार र तीनजना विद्युतीय मिडियाकर्मीले मात्र खोपकेबाट रिपोर्टिङ गरेको पाइन्छ । विद्युतीय सञ्चारको हालका दिनमा पर्याप्त विस्तार भए पनि खोपकेका वृत्तिको उपयोग उनीहरूबाट हुन नसक्नु स्वाभाविक होइन । यद्यपि, खोपकेले पहिले प्रदान गर्ने स-साना रकमका वृत्ति भिडियोग्राफीका लागि खासै सहयोगी थिएनन् । तर पछिल्ला दिनमा विषय र दायरा हेरी समयावधि र खर्चमा बढोत्तरी गर्ने स्थिति रहेकाले खोजीले अलि ठूलो फड्को मार्ला कि भन्ने आश गर्न सकिन्छ ।

राम्रो खोजी गर्दा खर्च पनि 'राम्रै' हुन्छ । खोजी रिपोर्टको बजार उस्तो नदेखिएकाले खर्चपर्चका निम्ति कम्तिमा पनि अरू केही समय दाताहरूकै भर पर्नु बाध्यता हो । तर दाताहरूको रकमसँगै सर्त पनि जोडिएर आउने देखिएको छ । दाताहरूले तोकेकै क्षेत्रमा खोज गर्नुपर्ने हुँदा त्यसले जनचासोको या महत्व-पूर्ण मुद्दाबारे खोज नहुने र कम महत्वका विषयले प्राथमिकता पाउन्नन् भन्न सकिँदैन । त्यसैले खोजी रिपोर्टिङका सीमितता पनि देखिन्छन् ।

खोपकेमार्फत भएका खोजीबाट कतिपय मुद्दाहरू बाहिर आएका छन् र तिनले सकारात्मक प्रभाव पनि पारेका छन् । यो सुखद पक्ष हो । त्यस्तै, खोपकेको खोज पत्रकारिता प्रवर्धन गर्ने प्रयत्नले ४-५ दर्जन पत्रकारले केही न केही सिक्ने मौका पाएका छन् । उनीहरूको सीप, दक्षता अभिवृद्धि भएको छ । उनीहरूको सीप, लेखनशैलीमा आएको परिवर्तन उनीहरूले गर्ने अन्य रिपोर्ट-हरूबाट जाँच्न सकिन्छ । तर, सँगसँगै, उनीहरूले अरू अथवा स्वतन्त्र खोज गरे-गरेनन् र गरेकामा उनीहरूको काम कस्तो रह्यो त्यसले नै खोपकेको वास्तविक सफलता या असफलता प्रष्टचाउँछ । आउँदा दिनमा खोपकेले दाताहरूको प्रभावबाट आफूलाई कति मुक्त राख्न सक्छ, उसका रिपोर्टहरूको दायरा कति विस्तार हुन्छ र ती सामग्रीले कस्तो प्रभाव पार्छन् त्यो नै खोपकेको भूमिका माप गर्ने कसी हुनेछ ।

**धन्यवाद**
यो लेख तयार गर्ने क्रममा आवश्यक सूचना, जानकारी दिएर सहयोग गर्ने खोज पत्रकारिता केन्द्रका निर्देशक मोहन मैनाली र अन्य जानकारी उपलब्ध गराउने सबैप्रति म आभारी छु । मार्टिन चौतारीमा यसै विषयमा आयोजित छलफलमा भाग लिई सुझाव, सल्लाह दिने सबैलाई धन्यवाद । लेखका मस्यौदामा टिप्पणी र सुझाव दिएर परिमार्जित र परिस्कृत गर्न सहयोग पुऱ्याउनुहुने प्रत्यूष वन्त, रमेश पराजुली, भास्कर गौतम र शेखर पराजुलीप्रति कृतज्ञ छु ।

**अध्ययन क्रममा सम्पर्क गरिएका व्यक्तिहरू**

| | |
|---|---|
| कनकमणि दीक्षित | सम्पादक, *हिमाल साउथ एसियन* |
| केदार शर्मा | पत्रकार |
| टिकाराम राई | पूर्व सम्पादक, *काठमाडौं टुडे* |
| तीर्थ कोइराला | सम्पादक, *नेपाल पाक्षिक* |
| प्रकृति अधिकारी | पत्रकार, *गोरखापत्र* |
| भारतदत्त कोइराला | अध्यक्ष, मिडिया सर्भिसेज इन्टरनेशनल |
| मधुसुदन पौडयाल | पत्रकार, *राजधानी* |
| मोहन मैनाली | निर्देशक, खोज पत्रकारिता केन्द्र |
| योगेश उपाध्याय | सम्पादक, *स्पेसटाइम* |
| राजेन्द्र दाहाल | सम्पादक *हिमाल खबरपत्रिका* /पूर्व निर्देशक, खोज पत्रकारिता केन्द्र |
| रेवती सापकोटा | पत्रकार, *राजधानी* |
| वसन्त थापा | निर्देशक, हिमाल एशोसिएशन |
| विनयकमार कसजू | निर्देशक, मिडिया सर्भिसेज इन्टरनेशनल |
| शिव गाउँले | विशेष सम्वाददाता, *हिमाल* |
| सङ्गीता लामा | पत्रकार, खोज पत्रकारिता केन्द्र |

| | |
|---|---|
| सुधीर शर्मा | सहायक सम्पादक, *नेपाल पाक्षिक* |
| हरिकला अधिकारी | उपसम्पादक, *गोरखापत्र* |
| हरि थापा | पत्रकार, शिक्षा पत्रकार समूह |

## सन्दर्भ सामग्री

उषा. २०५८. तस्वीरमा खोजी पत्रकारिता कति सम्भव छ ? मार्टिन चौतारीद्वारा आयोजित 'नेपालमा खोज पत्रकारिता किन अवरुद्ध छ ?' विषयक छलफलमा प्रस्तुत कार्यपत्र, १२-१३ असोज.

कोइराला, तीर्थ. २०५६. नेपालमा राजनीतिक भ्रष्टाचारको वृत्तान्त. *बिग्रेको बाटो.* केदार शर्मा, सं., पृ. १-३३. ललितपुरः खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन.

गाउँले, शिव. २०५५. न्यायमा अन्यायः अब के गर्ने? *काठमाडौं टुडे,* साउन १, पृ. ११-१८.

गाउँले, शिव. २०५९. *अदालती रिपोर्टिङ.* ललितपुरः खोज पत्रकारिता केन्द्रका लागि हिमाल किताब.

थापा, वसन्त र मोहन मैनाली, सं. २०५८. *धरापः हिंसा, तस्करी र अराजकताका कथा.* ललितपुरः खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन.

थापा, हरि. २०५४क. सुनको फूल पार्ने कुखुरी सङ्कटमा. *काठमाडौं टुडे,* कार्तिक ३०, पृ. ११-१६.

थापा, हरि. २०५४ख. कालो कोटमा विसङ्गतिका दागहरू. *कानून द्वैमासिक,* फागुन, पृ. ३-१६.

दाहाल, तोया. २०५८. नेपालको औषधी बजारः सक्कली र नक्कली सरोबर. *हिमाल* ११(१०): १०-१४.

दाहाल, राजेन्द्र, सं. २०५६. *खोज.* काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट.

नेपाल, किशोर. २०५७. *जनमत सङ्ग्रहदेखि जनआन्दोलनसम्मः नेपाली पत्रकारिताको विकास र प्रभाव.* काठमाडौंः व्यवसायिक पत्रकारिता प्रतिष्ठान.

पराजुली, रमा. २०५६. ऋण र अनुदानमा आएको भ्रष्टाचार. *बिग्रेको बाटो.* केदार शर्मा, सं., पृ. ५७-७२. ललितपुरः खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन.

भट्टराई, कौशल. २०५९. धरानको धन्दाः प्रहरीलाई पैसा, अन्धालाई लाइसेन्स. *हिमाल* १२(७): १२-१४.

मैनाली, मोहन. २०५५. जतातत्तै विषैविष. *काठमाडौं टुडे,* वैशाख १५, पृ. १७-२१.

मैनाली, मोहन. २०५८. नेपालका पत्रपत्रिकामा खोज पत्रकारिताको खडेरी. मार्टिन चौतारीद्वारा आयोजित 'नेपालमा खोज पत्रकारिता किन अवरुद्ध छ?' विषयक छलफलमा प्रस्तुत कार्यपत्र, १२-१३ असोज.

मैनाली, मोहन साथमा भूपराज खड्का. २०५९. मृत्युभन्दा कठोर सजाय. *हिमाल* १२(७): २६-३५.

मैनाली, मोहन र विनोद भट्टराई. २०५८. *खोज पत्रकारिता.* काठमाडौंः खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन.

लामा, सङ्गीता. २०५४. पशुपतिनाथः खाँचो छ सुधार र सुव्यवस्थाको. *हिमाल,* भदौ-असोज, पृ. ६-१६.

वन्त, प्रत्यूष. सं., २०५८. *क्षेत्रीय मिडियाः विगत र वर्तमान.* काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

शर्मा, केदार, सं. २०५६. *बिग्रेको बाटो.* काठमाडौंः खोज पत्रकारिता केन्द्र, हिमाल एशोसिएशन.

शर्मा, केदार. २०५८. नेपाली टेलिभिजनमा खोजी पत्रकारिता. मार्टिन चौतारीद्वारा आयोजित 'नेपालमा खोज पत्रकारिता किन अवरुद्ध छ?' विषयक छलफलमा प्रस्तुत कार्यपत्र, १२-१३ असोज.

शर्मा, सुधीर र गोपाल खनाल. २०५७. तेलमा मिसावटको खेल. *हिमाल* १०(१७): ३०-३५.

Burgh, Hugo de. 2000. Introduction: A Higher Kind of Loyalty? In *Investigative Journalism: Context and Practice*. Hugo de Burgh, ed., pp. 3-25. London and New York: Routledge.

Coronel, Sheila S. 2000. Investigating the President. In *Millions, Mansions and Mistresses: Investigating Estrada*. Sheila S. Coronel, ed., pp. vii–xiii. Manila: Philippines Centre for Investigative Journalism.

Dixit, Kanak Mani. 1997. Tourism in Nepal: The Journalist as Critical Observer. Khoj Patrakarita Kendra Background Paper, 21 July.

Onta, Pratyoush. 1997. Investigative Journalism in Nepal. *The Kathmandu Post*, 18 April, p. 4.

Onta, Pratyoush. 2002. Critiquing the Media Boom. In *State of Nepal*. Kanak Dixit and Shastri Ramachandaran, eds., pp. 253-269. Kathmandu: Himal Books.

## अनुसूची

**तालिका १:** खोज गर्नेहरू र खोजी गरिएका विषयहरू

| क्र.सं. | खोज गर्ने | खोजको विषय र शीर्षक | प्रकाशित स्थान र मिति |
|---|---|---|---|
| १ | हरि थापा | - सुनको फूल पार्ने कुखुरी सङ्कटमा | - काठमाडौं टुडे, ३० कार्तिक, २०५४ |
| | | - कालोकोटमा विसङ्गतिका दागहरू | - कानून द्वैमासिक, अङ्क ७, २०५४ |
| | | - नीतिहिन मेडिकल शिक्षाको नालीबेली ! कति लाखको डाक्टर बन्ने ? | - देशान्तर, २५ असोज, २०५५ |
| | | - हरिप्रसाद प्रधानको पुनर्खोजी | - कानून द्वैमासिक, अङ्क १२, २०५५ |
| | | - गोकर्ण ल्याण्डफिल साइटभित्रको कथा | - बिग्रेको बाटो, २०५६ |
| | | - लियाजो अफिसरसम्बन्धी | - अप्रकाशित |
| २ | सुधीर शर्मा | - जहाँ विकास पछाडि छ, चर्च अगाडि | - काठमाडौं टुडे, १ भदौ, २०५५ |
| | | - के गर्दैछन राज्यविहीन राजाहरू | - काठमाडौं टुडे, १ मङ्सिर, २०५५ |
| | | - तेलमा मिसावटको खेल (गोपाल खनालसँग) | - हिमाल १०(१७), २०५७ |
| ३ | मोहन मैनाली | - जतातत<br>ै विषैविष | - काठमाडौं टुडे, १५ वैशाख, २०५५ |
| | | - बारा पर्साको उद्योग व्यापारमा आक्रमणः माओवादीका नाउँमा पेशेवर डाँकाको दशैं (चन्द्रकिशोरसँग) | - हिमाल १०(२२), २०५७ |

| | | | |
|---|---|---|---|
| | | - वन्यजन्तु तस्करहरूका लागि सुनौलो स्वर्ग- नेपाल (कृष्ण अधिकारी र दिनेश थपलियासँग) | - राजधानी, ५ असोज, २०५८ |
| | | - मृत्युभन्दा कठोर सजाय (भूपराज खड्कासँग) | - हिमाल १२(७), २०५९ |
| | | - सेती कर्णालीका पहाडबासीलाई अनिकाल- बाट बचाउ ! कालसेनामाथि शाही सेना | - हिमाल १२(१), २०५९ |
| ४ | शिव गाउँले | - नेपालगञ्ज: धार्मिक कचिङ्गलको विष्फोटक थलो ! | - हिमाल, असार-साउन, २०५४ |
| | | - अदालत, अव्यवस्था र भ्रष्टाचार | - देशान्तर, १९ माघ, २०५४ |
| | | - अदालत: खाँचो छ सुधार र सुव्यवस्थाको | - काठमाडौं टुडे, १ फागुन, २०५४ |
| | | - न्यायमा अन्याय: अब के गर्ने? | - काठमाडौं टुडे, १ साउन, २०५५ |
| | | - लुटको शिकार: साझा यातायात | - देशान्तर, ४ चैत, २०५८ |
| ५ | तोया दाहाल | - नेपालको औषधी बजार: सक्कली र नक्कली सरोबर | - हिमाल ११(१०), २०५८ |
| | | - हवाई दुर्घटना: अरू कति हुन दिने? (सीताराम बरालसँग) | - हिमाल १२(१२/१३), २०५९ |
| | | - रोगमाथि डाक्टरको बोझ | - हिमाल १३(१), २०६० |
| ६ | शेरबहादुर के.सी. | - सेनाको उपस्थितिपछि पनि उत्तिकै चालू छ: चोरीका गाडी भित्र्याउने धन्दा | - हिमाल ११(९), २०५८ |
| | | - गाडी तस्कर अब चाहिँ नबच्लान् ! | - हिमाल १२(५), २०५९ |
| ७ | चन्द्रकिशोर | - बारा पर्साको उद्योग व्यापारमा आक्रमण: माओवादीका नाउँमा पेशेवर डाँकाको दशैं (मोहन मैनालीसँग) | - हिमाल १०(२२), २०५७ |
| | | - तस्करीद्वारा आर्जित सम्पन्नता र वीरगञ्जको त्रासदी | - देशान्तर, ३ भदौ, २०५८ |
| ८ | रमा पराजुली | - प्रकाशन उद्योग: अस्पष्ट भविष्य (विमल अर्यालसँग) | - हिमाल, माघ-फागुन, २०५५ |
| | | - ऋण र अनुदानमा आएको भ्रष्टाचार | - बिग्रेको बाटो, २०५६ |
| ९ | नारायणप्रसाद पौडेल | - कृष्णनगरको कालो धन्दा | - धराप, २०५८ |
| १० | कृष्णमुरारी भण्डारी | - उदण्ड र अराजक समाज | - धराप, २०५८ |
| ११ | सूर्य थापा | - बारुदी धरापको जालो | - स्पेसटाइम दैनिक, ६ असोज, २०५८ |
| १२ | रोशन श्रेष्ठ | - मुक्ति त पाइयो: तर कहाँ जाने? | - हिमाल १०(७), २०५७ |
| १३ | प्रकाश राई | - थोत्रा ब्याट्रीले भयावह समस्या ल्याउँदैछ | - देशान्तर, २९ जेठ, २०५७ |
| १४ | अमिका राजथला | - महिलाहरूमा बढ्दो आत्महत्या: मूलकारण घरायसी हिंसा | - अस्मिता, साउन-भदौ, २०५८ |
| १५ | तीर्थ कोइराला | - नेपालमा राजनीतिक भ्रष्टाचारको वृत्तान्त | - बिग्रेको बाटो, २०५६ |
| १६ | भूपराज खड्का | - दलितका नाउँमा अरूको रजाइँ | - हिमाल (प्रारूप अङ्क), ३० फागुन, २०५५ |
| १७ | मधु आचार्य | - कहाँ हराउँदैछन् गुठीका जग्गाहरू | - बिग्रेको बाटो, २०५६ |
| १८ | विनोद ढुङ्गेल | - गाउँगाउँमा भ्रष्टाचारको महामारी | - देशान्तर, २३ माघ, २०५६ |
| १९ | विश्वमणि पोखरेल | - मिलाएरै खाएपछि | - बिग्रेको बाटो, २०५६ |
| २० | हस्त गुरुङ | - भ्रष्टाचारको असर: भ्रष्टाचारको दलदलमा वीरगञ्जको ढल | - काठमाडौं टुडे, १ चैत, २०५५ |
| | | - अन्तिम घना वनको अन्त्येष्टि (मनमोहन स्वाँर र उमीद वागचन्दसँग) | - हिमाल ११(१२), २०५८ |
| २१ | गोपाल गुरागाईं | - दुर्लभ एक सिङ्गे गैडा हस्तान्तरणमा श्री ५ अधिराजकुमार ज्ञानेन्द्रको संलग्नता | - काठमाडौं टुडे, १५ असार, २०५४ |
| | | - वियर: महङ्गो मात | - काठमाडौं टुडे, १ असार, २०५५ |
| २२ | भास्कर गौतम | - अपारदर्शी पाठ्यपुस्तक व्यवसाय | - हिमाल, माघ-फागुन, २०५५ |
| २३ | कौशल भट्टराई | - धरानको धन्दा: प्रहरीलाई पैसा, अन्धालाई लाइसेन्स | - हिमाल १२(७), २०५९ |

| | | | |
|---|---|---|---|
| २४ | केशव अधिकारी | - टेलिभिजनको आकर्षण | - सर्वोत्तम, माघ, २०५५ |
| २५ | दीपेन्द्र खँनिया | - काठमाडौंको पानीको गुणस्तर | - रेडियो कार्यक्रम, रेडियो सगरमाथा |
| २६ | मञ्जुश्री थापा | - द वार इन द वेस्ट (अङ्ग्रेजीमा) | - हिमाल साउथ एसियन १६(३), सन् २००३ |
| २७ | प्रकृति अधिकारी | - काठमाडौंका अस्पतालबाट निस्कने फोहरमैला | - अप्रकाशित |
| २८ | रेवती सापकोटा | - ग्याँस सिलिण्डरको तौलमा हुने चुहावट | - अप्रकाशित |
| | | - ट्याक्सी टेम्पो मिटरमा हुने गडबडी | - अप्रकाशित |
| | | - म्याग्नेसाइट उद्योगबारे | - अप्रकाशित |
| २९ | अनुप सुवेदी | - चलचित्र हल लाइसेन्स वितरणमा अनियमिततासम्बन्धी | - अप्रकाशित |
| ३० | सङ्गीता लामा | - पशुपतिनाथ: खाँचो छ सुधार सुव्यवस्थाको | - हिमाल, भदौ-असोज, २०५४ |
| | | - सङ्कटकालको पत्रकारिता | - अप्रकाशित, २०५९ |
| ३१ | सुशील मैनाली | - हराउँदै गएका पर्साका जमिन | - आँखीभ्याल, नेपाल टेलिभिजन |
| | | - कर्णालीको स्वास्थ्य | - आँखीभ्याल, नेपाल टेलिभिजन |
| ३२ | श्रीभक्त खनाल | - आफ्नो जग्गा अर्कैका नाममा | - हाकाहाकी, मङ्सिर, २०५८ |
| ३३ | कौशल चेम्जोङ | - काठ तस्करीमा पनि माओवादी नै | - हिमाल १२(१), २०५९ |
| ३४ | विष्णु छिमेकी | - मोहन मैनालीसँग | - अप्रकाशित |
| ३५ | दिनेश थपलिया | - वन्यजन्तु तस्करहरूका लागि सुनौलो स्वर्ग-नेपाल (कृष्ण अधिकारी र मोहन मैनालीसँग) | - राजधानी, ५ असोज, २०५८ |
| ३६ | मातृका तिम्सिना | - अल्लोको विनाश, बम पड्काएर माछा खत्तम | - अप्रकाशित |
| ३७ | माधव नेपाल | - मर्चवारको हानि: त्रिवेणी र रिलायन्सको प्रदूषित पानी | - देशान्तर, २५ चैत, २०५८ |
| ३८ | कृष्ण अधिकारी | - वन्यजन्तु तस्करहरूका लागि सुनौलो स्वर्ग-नेपाल (मोहन मैनाली र दिनेश थपलियासँग) | - राजधानी, ५ असोज, २०५८ |
| ३९ | किरण नेपाल | - सुधीर शर्मासँग | - काम जारी |
| ४० | पञ्चमणि अधिकारी | - रक्तरञ्जित छ सडक यातायात | - सर्वोत्तम, फागुन, २०५४ |
| ४१ | नरेश श्रेष्ठ | - कचलको कुलो (फोटो) | - अप्रकाशित |
| | | - कमैया (फोटो) | - हिमाल १०(७), २०५७ |
| ४२ | मोहन भण्डारी | - डुब्न लागेको दुई अर्बको लगानी | - राजधानी, २ साउन, २०५८ |
| ४३ | दीपक थापा | - बाग्लुङ बाटो: शून्य थप्ने खेल | - राजधानी, १० असोज, २०५८ |
| ४४ | दिलिप काफ्ले | - नेपालको सामुदायिक वन | - हाकाहाकी, माघ-फागुन, २०५६ |
| ४५ | मधुसुदन पौडेल | - त्रिविका प्राध्यापकहरूसम्बन्धी | - अप्रकाशित |
| | | - महिला टेम्पो ड्राइभरले ट्राफिकलाई अपहरण गरेकोसम्बन्धी | - अप्रकाशित |
| | | - २०५७ सालमा पर्यटक आगमन स्थिति | - अप्रकाशित |
| ४६ | श्रीधर खनाल | - कचलको कुलो | - अप्रकाशित |
| ४७ | मनेश श्रेष्ठ | - द पोलिटिक्स अफ हायर सेकेन्डरी एजुकेशन (अङ्ग्रेजीमा) | - द इन्डिपेन्डेन्ट, १० डिसेम्बर १९९७ |
| ४८ | उमीद वागचन्द | - काम र खाद्यान्न खोसिने त्रास | - हिमाल १२(११), २०५९ |
| ४९ | मञ्जु थापा | - महिला र लैङ्गिकतासम्बन्धी सवालहरूमा सकारात्मक हुँदैछ नेपाली सञ्चारमाध्यम | - अस्मिता पूर्णाङ्क ६५, २०५८ |
| ५० | सीताराम बराल | - हवाई दुर्घटना: अरू कति हुन दिने (तोया दाहालसँग) | - हिमाल १२(१२/१३), २०५९ |
| ५१ | विमल अर्याल | - प्रकाशन उद्योग: अस्पष्ट भविष्य, (रमा पराजुलीसँग) | - हिमाल, माघ-फागुन, २०५५ |
| ५२ | विनोद भट्टराई | - कभरिङ द क्राइसिस (अङ्ग्रेजीमा) | - अप्रकाशित, २०५९ |